# शहीदनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
यदुकूहा, धनुषा
मधेश प्रदेश, नेपाल

# राहत/करार/नगर शिक्षक/बाल बिकास शिक्षक/कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८२

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/१३**

**प्रमाणिकरण र प्रकाशन मितिः २०८२/०९/१४**

**प्रस्तावनाः**

नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त हुन आएका स्वीकृत दरवन्दी, राहत दरवन्दी, नगर शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा, वालविकास केन्द्रका शिक्षक, सामुदायिक सिकाइ केन्द्रका सामुदायिक परिचालक, विद्यालय सहयोगी वा विद्यालय सहायक कर्मचारी (लेखा हेर्ने) हरुको दरवन्दीमा करारमा नियुक्ति सम्बन्धी व्यवस्थालाई व्यवस्थित र मर्यादित वनाउन आवश्यक भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ उपदफा २,(ज) ले १०२ को उपदफा २ बमोजिम को अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद-१

प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम करारमा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धि कार्यविधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले शहीदनगर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख)-"नियमावली" भन्नाले शहीदनगर नगरपालिकाको शिक्षा नियमावली, २०७६ लाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले शहीदनगर नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले शहीदनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ

(ङ) "शिक्षा शाखा" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

(च) "शिक्षा अधिकृत वा शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको जिम्मेवारी सम्हाल्न तोकिएको शिक्षा अधिकृत वा शाखा प्रमुखलाई सम्झनुपर्छ ।

दिनेश प्रसाद यादव
नगर प्रमुख

CamScanner

(छ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले नियमावलीको नियम २६ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

(ज) "प्रधानाध्यापक" भन्नाले शहीदनगर नगरपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक सम्झनुपर्छ ।

(झ) "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहत दरबन्दी, प्रारम्भिक बालविकास शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा (संघीय,प्रदेश, र स्थानीय सरकारबाट प्राप्त) शिक्षकलाई सम्झनुपर्छ ।

(ञ) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षण बाहेकका अन्य काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ ।

(ट) "विशेषज्ञ" भन्नाले नगरपालिकामा सूचिकृत विशेषज्ञ (माध्यमिक तह र आधारभूत तह कक्षा ६-८ को विषयगत विशेषज्ञ समेत) सम्झनुपर्छ ।

(ठ) "निजी शिक्षक" भन्नाले विधालयको आन्तरीक स्रोतबाट तलब भत्ता खानेगरी नियुक्त शिक्षकलाई सम्झनु पर्छ ।

(ड) "नगर शिक्षक" भन्नाले नगरपालिकाको आन्तरीक स्रोतबाट तलब भत्ता खानेगरी नियूक्त शिक्षकलाइ सम्झनु पर्छ ।

## परिच्छेद-२
## शिक्षक तथा कर्मचारी छनौट समिति, पदपूर्ति र छनौट प्रकृयाः

३. **शिक्षक छनौट समितिः** (१) नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त हुन आएका स्वीकृत दरबन्दी वा राहत कोटा, अनुदान कोटा, बालविकास केन्द्रका बालशिक्षक, विद्यालय सहयोगी, विद्यालय कर्मचारी, शिक्षण सिकाइ सहयोग अनुदान र सामुदायिक सिकाइ केन्द्रका परिचालक दरबन्दीमा करारमा नियुक्ति गर्न विद्यालयले नगरपालिकाबाट रिक्त रहेको प्रमाण सहित राखी विषय समेत खुलाइ विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकामा निवेदन दिनुपर्ने छ.। यसरी प्राप्त निवेदन र नगरपालिकाको अभिलेख समेत भिडाइ रिक्त देखिएमा नगरपालिकाले विद्यालयलाइ विज्ञापन गर्न अनुमति दिनु पर्नेछ । उक्त नियुक्तीका लागी तपसिल बमोजिम शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक

(ख) नगरपालिकाको शिक्षा अधिकृत वा तोकेको कर्मचारी एक जना - सदस्य

(ग) विषय विशेषज्ञ दूइ जना- सदस्य

(घ) सम्बन्धीत विद्यालयको प्रध्यानाध्यापक वा प्रध्यानाध्यापकले तोकेको शिक्षक - सदस्य सचिव

नोटः- विद्यालय व्यवस्थापन समितिको सिफारीसमा नगरपालिकाको शिक्षा अधिकृत वा शिक्षा विकास तथा समन्वय इकाइले तोकेको दुइ जना विषय विज्ञ सदस्य रहनेछ (लिखीत परीक्षाको एक दिन अगाडी मात्र विषय विज्ञलाइ जानकारी दिनुपर्ने छ)

(२) माथी दफा ३ को उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन हुन नसकेमा वा विद्यालयले आफ्नो विद्यालयमा स्वीकृत दरबन्दी वा राहत कोटा, अनुदान कोटा, बालविकास केन्द्रका बालशिक्षक, विद्यालय सहयोगी, विद्यालय कर्मचारी, नगर शिक्षक अनुदान, शिक्षण सिकाइ सहयोग अनुदान र सामुदायिक सिकाइ केन्द्रका परिचालक दरबन्दीमा रिक्त पदमा पदपुर्ति गर्न नसकेमा सो रिक्त दरबन्दीमा पदपूर्तीका लागी विद्यालयको निर्णय सहित पदपुर्तिको लागि नगरपालिकामा पदपुर्तिको प्रकृया अगाडी बढाउन निवेदन दिएमा नगरपालिकामा देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. नगर शिक्षा समितिको संयोजकले तोकेको एक जना - सदस्य

ग. विषय विशेषज्ञ दूइ जना- सदस्य

घ. प्रशासन शाखा प्रमुख- सदस्य सचिव

नोट:- प्रमुख प्रशासकीय अधिकृतले तोकेको दुइ जना विषय विज्ञ सदस्य रहनेछ । लिखीत परीक्षाको एक दिन अगाडी मात्र विषय विज्ञलाइ जानकारी दिनुपर्ने छ ।

४.**पदपूर्ति:** (१) पदपूर्तिको लागि विज्ञापन अनुमति प्राप्त भएपछि विद्यालयले स्वीकृत शिक्षक दरबन्दी वा अन्यको हकमा कम्तीमा १५ (पन्द्र) दिनको सूचना प्रकाशित गर्नेछ । विज्ञापनको सूचना सम्बन्धित विद्यालय, वडा कार्यालय र नगरपालिकामा अनिवार्य टाँस गर्नुको साथै स्थानीय सञ्चार माध्यम वा पत्रपत्रिका वा सामाजिक सञ्जालमा समेत प्रकाशित गर्नुपर्नेछ ।

(२) विज्ञापनको म्याद समाप्त भएपछि कार्यविधिको दफा ३ को उपदफा १ बमोजिमको छनौट समितिले शिक्षक र कर्मचारीको छनौट गरी करारमा शिक्षक कर्मचारी नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ । कार्यविधिको दफा ३ को उपदफा २ बमोजिम छनौट समिति द्वारा सिफारिस भएका लाइ न.पा.को शिक्षा शाखाले नियुक्तीको प्रकृया अगाडी बढाउनेछ ।

५. **छनौट प्रक्रिया:** (१) करारमा शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिको लागि नगरपालिका विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

(३) शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनौट गर्नुपर्नेछ

(४) शिक्षक छनौट समितिमा विषेशज्ञ छनौट गर्दा शिक्षा विकास तथा समन्वय इकाई वा नगरपालिकामा सूचिकृत विषयगत विशेषज्ञहरु मध्येबाट परीक्षा सञ्चालन हुने दिन बिहान वा अघिल्लो दिन छनौट समितिको बैठक बसी छनौट गर्नुपर्नेछ ।

(५) छनौट प्रक्रियामा नगरपालिकाका प्रमुख, उप-प्रमुख र सम्बन्धित वडाका वडाध्यक्ष र शिक्षा अधिकृत पर्यवेक्षकका रुपमा रहन सक्नेछ ।

(६) छनौट प्रक्रियामा पारदर्शिता कायम राख्नको लागि प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कुनै पनि अधिकृत वा सहायक कर्मचारी आमन्त्रित सदस्य वा रोहबरका रुपमा रहनेछन् । छनौट समितिले आवश्यक्ता अनुसार सहायक कर्मचारीलाई परीक्षामा निरीक्षकको रुपमा खटाउन सक्नेछ ।

## परिच्छेद-३
## विशेषज्ञ सम्बन्धी व्यवस्था

६. **विशेषज्ञ सूचीकरण प्रक्रिया:** (१) यस कार्यविधिको दफा ८ को उपदफा 'घ' बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले नगरपालिकाबाट सूचना प्रकाशित भएपछि तोकिएको अवधि भित्र दस्तुर र कागजात सहित निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना गर्दा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत नगर पालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाले तोकिए बमोजिम हुनेछ

(३) शाखाले उपदफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन उपर छानविन गरी आधारभूत तह कक्षा (१-५), आधारभूत तह कक्षा (६-८) र माध्यमिक तहको लागि छुट्टाछुट्टै विशेषज्ञको सूची प्रकाशित गर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूची प्रकाशन गर्दा आधारभूत तह कक्षा (६-८) र माध्यमिक तहका लागि विषय समेत खुलाइ प्रकाशन गर्नुपर्नेछ ।

७. **विशेषज्ञको योग्यता:** (१) विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ ।

(क) सम्बन्धित तहमा स्थायी भइ कम्तिमा पाँच शैक्षिक सत्रको शिक्षण अनुभव भएको ।

(ख) आधारभूत तह (१-५) को लागि स्नातक वा सो सरह उतीर्ण र तालिम प्राप्त गरेको हुनुपर्ने ।

(ग) आधारभूत तह (६-८) का लागि सम्वन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरी तालिम प्राप्त हुनुपर्ने

दिलिप प्रसाद ...
नगर प्रमुख

CamScanner

(घ) माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह उतीर्ण गरी तालिम प्राप्त हुनुपर्ने ।
(ङ) माध्यमिक तह (कक्षा ११ र १२) का लागी सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरी तालिम प्राप्त र माध्यमिक द्वितीय श्रेणीमा कार्यरत क्याम्पसमा २ वर्ष वा सो भन्दा बढी समय अध्यापनरत प्राध्यापक सााविक उच्च मा.वि.तहको कोटामा ३ वर्ष सेवारत शिक्षक ।

८. **विशेषज्ञ छनौट सम्बन्धी व्यवस्था:** (१) कुनै विषयमा कम्तीमा एक जना विशेषज्ञ सूचीकृत नभएमा वा सूचीकृत विशेषज्ञ उपलब्ध नभएमा शिक्षा विकास तथा समन्वय इकाई, जनकपुरधाम, धनुषा वा धनुषा जिल्ला भित्रका अन्य स्थानीय तहमा सूचीकृत विशेषज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।
(२) उपदफा (१) बमोजिमका विशेषज्ञ मध्ये छनौट समितिले विशेषज्ञ छनौट गर्नेछ ।
(३) शिक्षा विकास तथा समन्वय इकाई जनकपुरधाम, धनुषा र धनुषा जिल्लाका अन्य स्थानीय तहमा सूचिकृत विशेषज्ञको सूची शाखाले माँग गरी अभिलेख राख्नेछ । छनौट भएका विशेषज्ञलाई पठाइदिन सम्बन्धित स्थानीय तह तथा विद्यालयलाई अनुरोध गर्नेछ ।

## परिच्छेद-४
## करार नियुक्ति:

९. **कारारमा शिक्षक नियुक्तिः** (१) यस कार्यविधि बमोजिम छनौट भएको शिक्षकलाई बढीमा एक शैक्षिक सत्रका लागि विद्यालय व्यवस्थापन समितिले "अनुसूची १" मा उल्लेखित ढाँचामा करारमा नियुक्ति गर्नेछ ।
(२) उपदफा (१) वमोजिम नियुक्त हुने शिक्षकलाई "अनुसूची २" बमोजिमको ढाँचामा विद्यालय व्यवस्थापन समिति/ नगरपालिकाले कारारनामा (सम्झौता) गराउनुपर्नेछ ।
(३) करारमा नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाइल खडा गरी १५ (पन्ध्र) दिन भित्र शिक्षा विकास तथा समन्वय इकाई र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।
(४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भइ आएमा करारमा नियुक्ति भएका शिक्षक जुनसुकै समयमा पनि अवकाश हुनेछ ।
१०. **वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने:** (१) सफल उम्मेदवारले सिफारिस भएको मितिले ७ (सात) दिनभित्र करार नियुक्ति लिइ विद्यालयमा हाजिर नभएमा ।
(२) दफा ९ को उपदफा १ बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिइ हाजिर नभएमा वा उक्त पद एक वर्ष भित्रमा रिक्त भएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।
११. **अन्य शिक्षक सम्बन्धी व्यवस्था:** (१) वडाबाट विनियोजित वजेट, शिक्षा युवा तथा खेलकुद शाखाबाट शिक्षण सहयोग अनुदान तथा विद्यालय स्रोतवाट कुनै शिक्षक कर्मचारी नियुक्त गर्नु परेमा नियुक्ति प्रक्रिया र व्यवस्थापन समितिको बैठकले तय गरेको मापदण्ड वमोजिम हुनेछ । यस्तो प्रकृतिका शिक्षक कर्मचारीहरुको तलब भत्ता भुक्तानी लिन आउँदा तपसिलका कागजातहरु पेश गर्नुपर्नेछ ।
(क) विधालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि
(ख) वडा कार्यालयको सिफारीस
(ग) नियुक्ती पत्र
(ग) शैक्षिक योग्यताको प्रमाण पत्र
(ङ) तलव भत्ता बुझेको भर्पाइ
१२. **पारीश्रमिक र खर्च सम्बन्धी व्यवस्था:** (क) छनौट समितिमा रहने सबै सदस्यहरु बैठकमा आमन्त्रित सदस्य तथा शिक्षक छनौट प्रक्रियामा खटेवापत अधिकतम ५ वैठक सम्म प्रति बैठक रु १००० का दरले भत्ता पाउनेछ ।

किशोर प्रसाद साह
नगर प्रमुख

CamScanner

(ख) जिम्मेवारी तोकिएका सदस्यहरु र विशेषज्ञहरुले प्रश्नपत्र निर्माण, प्रश्नपत्र मोडरेसन, परीक्षा संचालन र अभिलेखीकरण जस्ता कामको जिम्मेवारी वहन गरे अनुसार समितिले तोकेको प्रचलित नियम अनुसार पारीश्रमिक पाउनेछन ।

(ग) विशेषज्ञहरुलाई यातायात खर्च वापतको थप रकम उपलब्ध गराउन सकिनेछ ।

(घ) आवेदन शुल्क वापत जम्मा भएको रकम सम्बन्धीत नगरपालिका वा विद्यालयले परीक्षा संचालन तथा व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।

१४. **यस कार्यविधि बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. **कार्यविधिको व्याख्या:** यो कार्यबिधिको व्याख्या नगरकार्यपालिकाले गरे बमोजिम हुनेछ ।

१६. **कार्यबिधि संसोधन:** यो कार्यबिधि संसोधन गर्नुपर्ने आवश्यक देखिएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

"अनुसुचि १"

नियुक्ति पत्रको ढाँचा

श्री शहीदनगर नगरपालिका / श्री ........आधारभुत/माध्यमिक विधालय

.................. शहीदनगर नगरपालिका

.....................महोत्तरी

विषय :- नियुक्ति सम्वन्धमा ।

श्री .....................

.................................

प्रस्तुत विषयमा यस नगरपालिका/विधालयमा रिक्त रहेको दरबन्दीमा भएको विज्ञापनको ............विषयमा .........तहको ............ मितिमा नगरपालिका/विधालयमा संचालन भएको छनौट परीक्षामा सफल भई नियुक्तिको लागी सिफारीस भइ आउनुभएको तपाईलाइ यस नगरपालिका/विधालयको मिति .............. को निर्णय अनुसार शहीदनगर नगरपालिकाबाट निकाया भए बमोजिम तलव भत्ता खाने गरी करारमा ६ महिनाको लागी नियुक्ति गरिएको छ । शिक्षा ऐन तथा नियमावलिमा उल्लेखित आचारसहितामा आधारीत भइ प्र.अ.को मातहातमा रही कामकाज गर्नु हुन अनुरोध छ ।

शहीदनगर नगरपालिका/ प्रध्यानाध्यापक

बोधार्थ

१.श्री शिक्षा विकास तथा समन्वय इकाइ धनुषा - अभिलेखीकरण गरिदिनु हुन ।

२. श्री शहीदनगर नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा शहीदनगर धनुषा नियुक्ती दिनु हुन/नियुक्ती समर्थन गरिदिनु हुन ।

दिनेश प्रसाद यादव
नगर प्रमुख

## "अनुसुचि २"

### करार नामाको ढाँचा

यस नगरपालिका/विधालय व्यवस्थापन समितिको मिति ............को निर्णयानुसार शिक्षक नियुक्ती गर्ने वियायमा श्री ............. नगरपालिका शिक्षा शाखा प्रमुख विधालयको प्राधानाध्यापक श्री ..........(जसलाइ यसपछि प्रथम पक्ष भनिनेछ) र शिक्षक श्री ....................(जसलाइ यसपछि दोस्रो पक्ष भनिनेछ) का विच मिति............ मा समपन्न भएको करार सम्फौता पत्र दोस्रो पक्ष यस नगरपालिका/विधालयमा पुर्याउनु पर्ने मुख्य मुख्य सेवाको विवरण यस प्रकार रहेको छ।

दोस्रो पक्षले पुर्याउनु पर्ने सेवाको विवरण

१. प्रचलित कानुन बमोजिम शिक्षकले पालना गर्नु पर्ने शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने।

२. विधालयले जिम्मा दिएको विषयमा उक्त सिकाई उपलब्धी हासिल गर्न कार्ययोजना वनाइ कार्यन्वयन गर्नुका साथै विधालयबाट निर्धारण गरिएको दैनिक कार्यतालिका अनुसार अध्ययन अध्यापन गर्ने।

३. विधालयको शिक्षक भएकोमा गर्व गर्दै विधालयको प्रगतिका लागी समर्पित हुने।

४. विधालयले संचालन गर्ने सवै कियाकलापमा सकिय सहभागीता जनाउने।

५. विधालयमा कुनै घंटी खाली भएमा विधालयले तोके बमोजिम शिक्षण गर्ने।

६. बालमैत्री र भयरहित शिक्षण सिकाइ कियाकलापको अविलम्वन गर्ने।

७. विधालय प्रधानाध्यापक एवं विधालय व्यवस्थापन समिति प्रति उत्तरदायी रहने।

दोस्रो पक्षले उल्लेखित सेवा उपलब्ध गराए वापत प्रथम पक्षले दिनुपर्ने सुविधा र अन्य शर्तहरु

१. पारिश्रमिक मासिक रु ..........का दरले .....महिनाको हुन आउने रकम भत्ता वापत मासिका रु........ का दरले ....... महिनाको हुन आउने रकम पोशाक भत्ता वापत वर्षको एकमुष्ट रु .......... चाडपर्व खर्च वापत वर्षमा १ महिनाको पारिश्रमिक वापत हुने रकम रु...... प्रथम पक्षले उपलब्ध गराउने छ। नगरपालिका शिक्षक/निजी स्रोत शिक्षकको हकमा न.पा./विधालयको निर्णयानुसार हुनेछ।

२. दोस्रो पक्षको कार्य सन्तोषजनक नभएमा १ महिना पूर्व अग्रीम सुचना दिइ यो सम्फौता भ· गर्न सकिने छ।

प्रथम पक्ष दोस्रो पक्ष

| | |
|---|---|
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| तह | तह |
| विषय | विषय |
| हस्ताक्षर | हस्ताक्षर |
| मिति | मिति |

रोहवर

## अनुसूची-३

## "अभिलेखीकरण फोरम"

शहीदनगर नगरपालिका, धनुषा

करार शिक्षक छनौट परीक्षा २०८....

लिखित परीक्षाको उपस्थिति विवरण

| क.स. | विज्ञापन नं.<br>परीक्षार्थीको दर्ता नं. | परीक्षार्थीको नामथर | त्ह<br>ठगाना | हस्ताक्षर | कै. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

प्रमाणित गर्नेको

हस्ताक्षर

## अनुसूची-४

"अभिलेखीकरण फारम"

शहीदनगर नगरपालिका, धनुषा

करार शिक्षक छनौट परीक्षा २०८....

लिखित परीक्षाको उत्तरपुस्तिका कोडिङ लेजर

| | विज्ञापन नं. | | | तह | |
|---|---|---|---|---|---|
| क.सं. | | परीक्षार्थीको कोड नं. | | परीक्षार्थीको नामथर | कै. |
| | पर्गक्षार्थिको दर्ता नं. | वस्तुगत | विषयगत | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

प्रमाणित गर्नेको
हस्ताक्षर

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शहीदनगर धनुषा

### मधेश प्रदेश, नेपाल

## राहत/करार/नगर शिक्षक/विधालय सहायक/विधालय सहयोगीको लागि दरखास्त फारम

विज्ञापन नं....................

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग |
| | नागरिकता नं | | जारी गर्ने जिल्ला | मिति |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.पा. | | ग) वडा नं |
| | घ) टोल | ङ) मार्ग/घर नं. | | च) फो न. |
| पत्राचार गर्ने ठेगाना | | | | ईमेल |
| बाबुको नाम, थर | | जन्म मिति | (वि.सं.मा) | (ईस्वि संवतमा) |
| बाजेको नाम, थर | | हालको उमेर | वर्ष | महिना |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

| | | |
|---|---|---|
| कार्यालयले भर्ने | | |
| रसिद/भौचर नं. | रोल नं. | |
| दरखास्त अस्वीकृत भए सो को कारण | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत<br>मिति | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

नगर प्रमुख

CamScanner

# शहीदनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शहीदनगर, धनुषा ।

**राहत/करार/नगर शिक्षक/विधालय सहायक/बाल विकास/विधालय सहयोगीको लागि प्रयोगात्मक परीक्षा**

**प्रवेश पत्र**

| |
|---|
| हाले खिचेको पासपोर्ट साइजको मुखाकृति पूरै देखिने तस्वीर यहाँ टाँसी तस्वीर र फारममा पर्ने गरी उम्मेदवार र अधिकृत कर्मचारीले दस्तखत गर्ने |

**परीक्षार्थीले भर्ने**

(क) उम्मेदवारको नाम, थर :..................................

(ख) तह र श्रेणी :..................................

(ग) विज्ञापन नं. :..................................

(घ) परीक्षा दिने विषय :..................................

(ङ) स्थायी ठेगाना भएको जिल्ला :..................................

(च) परीक्षार्थीको दस्तखत :..................................

**दरखास्त सङ्कलन केन्द्रका सम्बन्धित कर्मचारीले भर्ने**

यस शहीदनगर नगरपालिकाबाट मिति:............................ मा लिइने प्रतियोगितात्मक परीक्षामा तपाईलाई निम्न जिल्लाको निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेश पत्र रद्द हुनेछ । (परिक्षा केन्द्र पछि तोकिनेछ)

जिल्ला: नगरपालिका: रोल नं.: ..........................

अधिकृतको दस्तखत

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरु**

१. परीक्षार्थीले परीक्षा भवनमा परीक्षा दिन आउँदा प्रवेश पत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।

२. परीक्षा हलमा मोबाइल फोन तथा अन्य डिजिटल डिभाइस प्रयोग गर्न पाइने छैन ।

३. लिखित परीक्षामा उत्तीर्ण हुनेले अन्तर्वार्ता हुने दिनमा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

४. दरखास्त फारममा लेखिएको तह, श्रेणी र विषयको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनु पर्नेछ ।

५. परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टीले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नु पर्नेछ ।

६. परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

७. परीक्षा सुरु भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट वाहिर जान पइने छैन ।

८. परीक्षा भवनमा किताव, कापी, कागज, चिट आदि लैजान पाइने छैन । परीक्षार्थीले आपसमा कुराकानी र संकेत गर्न पाइने छैन ।

दिनेश प्रसाद यादव
नगर प्रमुख